# बौदीकाली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## डेढगाउँ, नवलपरासी (ब.सु.पू)

गण्डकी प्रदेश, नेपाल

V32P+FV Dedgaun

प.स.: २०८१/८२
च.नं.: ४७८

मिति : २०८१/०७/२१

विषय : कार्यपालिका बैठकमा उपस्थित हुने बारे ।

श्री उपाध्यक्ष ज्यू,
श्री वडा अध्यक्ष ज्यूहरु, सबै
श्री कार्यपालिका सदस्य ज्यूहरु, सबै ।

बौदीकाली गाउँ कार्यपालिकाको बैठक तपसिलको मिति, समय र स्थानमा हुने भएकोले यहाँको उपस्थितिको लागि आदेशानुसार अनुरोध छ । बैठकका प्रस्तावहरु यसैसाथ संलग्न रहेको छ ।

**तपसिल :**

मिति : २०८१/०७/२३ गते
स्थान : बौदीकाली गाउँपालिकाको सभाहल
समय : बिहानको ११:०० बजे

..............................
(जीवलाल भुसाल)
नि.प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकिय अधिकृत

@hellobaudikali @hellobaudikali baudikalimun@gmail.com 9857046264

मिति २०८१/०७/२३ गतेको गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. इन्जिनियरको राजिनामा स्वीकृत सम्बन्धमा ।

२. विविध विषयका सम्बन्धमा ।

नि. प्रमुख प्रशासकिय अधिकृत

CamScanner

आज मिति २०८१/०७/२३ गतेका दिन बौदीकाली गाउँपालिकाका अध्यक्ष **श्री प्रकाश ओझा** ज्यूको अध्यक्षतामा बौदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी निम्नानुसारको प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिति :**

| क.सं. | दस्तखत | नामथर | पद |
|---|---|---|---|
| १ | | श्री प्रकाश ओझा | अध्यक्ष |
| २ | | श्री डिल कुमारी के.सी. सारु मगर | उपाध्यक्ष |
| ३ | | श्री अनिल थापा मगर | वडा अध्यक्ष, वडा नं. १/का.पा.सदस्य |
| ४ | | श्री श्यामसुन्दर श्रेष्ठ | वडा अध्यक्ष, वडा नं. २/का.पा.सदस्य |
| ५ | | श्री तेज बहादुर थापा | वडा अध्यक्ष, वडा नं. ३/का.पा.सदस्य |
| ६ | | श्री मन बहादुर सारु | वडा अध्यक्ष, वडा नं. ४/का.पा.सदस्य |
| ७ | | श्री खिम वहादुर थापा खरु मगर | वडा अध्यक्ष, वडा नं. ५/का.पा.सदस्य |
| ८ | | श्री खुम कुमार सारु मगर | वडा अध्यक्ष, वडा नं. ६/का.पा.सदस्य |
| ९ | Deumaya | श्री देउमाया रुचाल | कार्यपालिका सदस्य |
| १० | TIKA | श्री टिकामाया सार्की | कार्यपालिका सदस्य |
| ११ | तेजमाया | श्री तेजमाया इस्माली गाहा मगर | कार्यपालिका सदस्य |
| १२ | सोमा | श्री सोममाया सार्की | कार्यपालिका सदस्य |
| १३ | | श्री टोपलाल रुचाल | कार्यपालिका सदस्य |
| १४ | | श्री अन्त बहादुर घर्ती | कार्यपालिका सदस्य |
| १५ | | श्री उज्वल बहादुर जस्नेत | सदस्य सचिव/प्रमुख प्रशासकीय अधिकृत |

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८१/०७/२३ गतेको आ.व. २०८१/०८२ को चौथो बैठकका निर्णयहरु :

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८१/०७/२३ गतेको आ.व. २०८१/०८२ को चौथो बैठकका निर्णयहरु :

**निर्णय नं.१ :**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस कार्यलयमा कार्यरत इन्जिनियर श्री पवन कुमार कार्की प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेशको विज्ञापन नं. ५२०-५२३/०७९-०८० को लिखित परिक्षामा उत्तीर्ण भएकोले निजले मिति २०८१/०७/११ गते राजिनामा स्वीकृत गरी पाउँ भनी निवेदन पेश गरेकोमा निजको राजिनामा मिति २०८१/०७/२० गते देखि लागू हुने गरी स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं.२ :**

प्रस्ताव नं. २ माथि छलफल गर्दा तपसिलका विविध विषयहरुमा छलफल गरियो ।

- स्थानीय सरकार संचालन ऐन, २०७४ तथा प्रचलित कानून वमोजिम गाउँपालिकाले आफ्नो निर्धारित क्षेत्राधिकारभित्र मात्र करारोपण गर्ने अधिकार रहेको स्पष्ट भएकोले यस गाउँपालिकावाट हालसम्म आफ्नो क्षेत्राधिकार वाहिर कुनै पनि प्रकारको कर, शुल्क वा महसुल नलगाइएको भनी स्वःघोषणा गर्ने निर्णय गरियो ।
- यस गाउँपालिकामा जग्गाको प्लटिङ वा खण्डीकरण सम्वन्धमा प्राप्त निवेदन/अनुरोध उपर छलफल हुँदा जग्गाको भौगोलिक अवस्था, पहुँच मार्ग, पूर्वाधार स्थिति, प्राविधिक प्रतिवेदन तथा प्रचलित कानुन बमोजिम अध्ययन गर्दा हालको अवस्थामा जग्गामा प्लटिङ वा खण्डीकरण गर्न सम्भावना नरहेको भनी निर्णय गरियो।